नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ४८ २०७९ साल भदौं २८ गते मंगलबार (13 Sep 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलामा जितिया ... ३ पृष्ठमा : निर्वाचन आचारसंहितामा एउट ... ३ पृष्ठमा :आइएसको आक्रमणबाट ६ ...

## कुकुरलाई बचाउने क्रममा महिलाको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ नगरपालिकामा बाटो काट्न लागेको कुकुरलाई बचाउने क्रममा अनियन्त्रित भई मोटरसाईकल दुर्घटना हुँदा एक महिलाको ज्यान गएको छ ।

सप्तरीको बोदेवर्साइन नगरपालिका २ की ४५ वर्षिया अन्जना देवी यादवको ज्यान गएको हो ।

सोमवार विहान भएको दुर्घटनामा उनका पति मोहनले चलाइरहेको प्रदेश-२-०१-००२ प.३९९३ नम्बरको मोटरसाइकल सो नगरपालिका ५ मोहनपुर सडकखण्डमा कुकुरलाई जोगाउने क्रममा दुर्घट्नामा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

दुर्घटनामा मोहन सामान्य घाईते भएपनि पछिल्लो सिटमा सवार अन्जना भने गम्भिर घाइते भएपश्चात् तत्कालै रुपनीस्थित युनिक अस्पतालमा पुर्‍याइएको थियो । सोही अस्पतालमा चिकित्सकले उनलाई मृत घोषित गरेका थिए ।

मृतकको पोस्टमार्टमका लागी स्थानीय गजेन्द्रनारायण सिह अस्पताल पुर्‍याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## पुजारीलाई गोली हानेर फरार रहेका प्रतिवादी दुई वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, २७ भदौ ।**

रौतहटको माधवनारायण नगरपालिका २ स्थित हनुमान मन्दिरको पुजारीलाई गोली हानेर भागेका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

देवाही गोनाही नगरपालिका-१ करुनिय घर भएका मोहमद कासिम उर्फ शेख विकाउलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका इन्स्पेक्टर दिनेश कुँवरले बताए ।

२०७७ भदौ ३ मा ६५ वर्षीया पुजारी श्रीराम शाहको कन्चटमा गोली हानेर हत्या गरिएको थियो । दुई वर्षपछि पक्राउ परेका अभियुक्तलाई प्रहरीले अदालतमा उपस्थित गराएको छ ।



## जसपाका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यसहित एमालेमा प्रवेश

**दैनिक समाचारदाता**
**जनकपुर, २७ भदौ ।**

नेकपा एमालेद्वारा सोमबार जनकपुरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा जनता समाजवादी पार्टीका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यसहित काँग्रेसका पूर्वजिल्ला उपसभापति तथा पूर्व राज्यमन्त्री नेकपा एमालेमा प्रवेश गरेका छन् ।



जसपाका प्रतिनिधिसभा सदस्य रुही नाज र प्रदेशसभा सदस्य अञ्जुकुमारी यादव, नेपाली कांग्रेसका पूर्व धनुषा उपसभापति सन्तोष यादव,

*बाँकी अन्तिम पृष्ठमा*

## म्यादी प्रहरीमा भर्ना खुल्यो, भदौ ३० देखि दरखास्त दिन सकिने

काठमाडौँ, २७ भदौ (रासस) ।

नेपाल प्रहरीले आगामी मङ्सिरमा हुने सङ्घ र प्रदेश निर्वाचनको सुरक्षार्थ म्यादी प्रहरी भर्नाका लागि दरखास्त आह्वान गरेको छ । नेपाल प्रहरीले आइतबार एक सूचना जारी गरी आगामी मङ्सिर ४ मा हुने प्रतिनिधिसभा सदस्य र प्रदशेसभा सदस्य निर्वाचनका लागि स्वीकृत म्यादी प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड, २०७९ अनुसार भर्ना खुलाएको हो ।

प्रहरीले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त दिन आह्वान गर्न भनेको छ । सरकारले यसपटकको निर्वाचनमा एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्न प्रहरीलाई स्वीकृति प्रदान गरिसकेको छ । नेपाली नागरिकले म्यादी प्रहरीका लागि मङ्सिर ३० गतेदेखि असोज ६ गतेसम्म जिल्ला प्रहरी कार्यालयहरूमा दरखास्त दिन सक्नेछन् । दरखास्त दिनका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेका हुनुपर्नेछ ।

भर्नाका लागि नेपाली नागरिक हुनुपर्ने, साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएका, राजनीतिक दलको सदस्य नभएका, शारीरिक र मानसिक रूपले स्वस्थ, आतङ्ककारी सङ्गठनका सदस्य नरहेका, आँखा माइनस २ र प्लस २ भन्दी बढी कमजोर नभएका, गर्भवती नभएका तथा पुरुषको हकमा उचाइ घटीमा ५ फिट २ इञ्च र छाति ३१-३३ इञ्च,

*बाँकी अन्तिम पृष्ठमा*

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# मिथिलामा जितिया पर्वको तयारी

**गोपालप्रसाद बराल**
महोत्तरी, २७ भदौ (रासस)।

मध्यपूर्वी तराईका जिल्लामा पितृपक्ष (सोह्रश्राद्ध) सुरु भएसँगै महिलाहरू जितिया पर्वको तयारीमा लागेका छन्। मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष सुरु हुनासाथै उनीहरूले जितियाको चर्चा र तयारी थालेका हुन्। यो पर्व मिथिलामा पौराणिक र पारम्परिक महत्वको मानिन्छ। यसपालिको पितृपक्ष सोमबार नै प्रारम्भ भइसकेको छ।

महिलाले असोज कृष्ण अष्टमीका दिन जितिया पर्वको कठोर उपवास बस्ने हिन्दू मैथिल परम्परा छ। पितृपक्ष सुरु हुनासाथै बर्तालु महिला आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्ने पुरानो मैथिल परम्परा हो।

अष्टमी सुरु हुनु एकघडी (करिब साढे दुई घण्टा)पूर्व सुरु हुने उपवास एक अहोरात्रपछि नवमी तिथि एकघडी कटाएर समापन गरिने मैथिल परम्परा छ। सन्तानको सौर्यवृद्धि र कल्याणको कामनाका लागि गरिने यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै सुरु हुने गरेको हो।

यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नगरिउन्जेल थुक निल्नु, अन्जानमै पनि किरा, फट्याङ्ग्रा र झारपात मारिनु, चुडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ। पहिले सन्तान (छोरा-छोरी)को कल्याण कामनार्थ गरिँदै आइएको यो व्रत पछिपछि पुत्रका नाममा हुन थालेको सामाजिक क्षेत्रमा क्रियाशील रहँदै आउनुभएकी जलेश्वर-२ का साधना बर्मा बताउनुहुन्छ।

यसपालि यो व्रत तिथिको भोग घटबढले आउने आगामी असोज १ गते परेको छ। आगामी शनिबार मध्याह्नलगत्तै अष्टमी तिथि लाग्ने हुँदा शुक्रबार मध्यरातपछि शनिबार बिहानै दही, चिउरा 'ओगटन' (दर) खाएर बर्तालुले निराहार व्रत सुरु गर्नेछन्। निराहार व्रत बस्ने महिलाले एक अहोरात्र कटाएर नवमी तिथि एकघडी कटाएपछि व्रत समापन गर्नेछन्। यसपालि आइतबार मध्याह्नपछि नवमी तिथि प्रारम्भ हुने हुँदा सो दिन सूर्यास्तपछि व्रत समापन गर्न सकिने जनाइएको छ।

सामान्यतया उदाउँदो सूर्यका बेला समापन गरिने यो पर्व यसपालि भने सूर्यास्तपछि हुने भएको छ। व्रतमा एक अहोरात्र कटाउन पर्ने विधानले यसपालि जितिया व्रत ३६-३७ घण्टाको हुने ब्राह्मण बताउँछन्। कठोर विधानको यो व्रतको महिमा जनजिब्रोमै रहने गरेको मिथिला संस्कृति र परम्पराका ज्ञाता बर्दिबास नगरपालिका-२ का महेशकुमार झा बताउनुहुन्छ।

भङ्गाहा नगरपालिका-५ स्थित माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रीराम यादव भन्नुहुन्छ, "सन्तानको सौर्यवृद्धि र कल्याणको कामना गर्दै आमाले गर्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र साहस प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ।"

सन्तानको कल्याण र सौर्य वृद्धिको कामनासहित पुत्रवती मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा रहेको छ। यस व्रतमा पुरुषहरूले पितृपक्षमा दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरूले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने परम्परा रहेको पछिल्ला २० वर्षदेखि जितिया व्रत बस्दै आएकी महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिका-४ थारुटोल बनराकी ४० वर्षीया रासोदेवी थारू बताउनुहुन्छ।

पर्वमा सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरिन्छ। बर्तालुले दिवङ्गत सासु, जेठानी, बुढीसासु, नन्द-आमाजु र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको कर्मकाण्डी पुरोहितहरूको भनाइ छ। ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्र (नाति), प्रपौत्र (पनाति) र उनका सन्तानको कल्याण गर' भन्ने कामना गरिन्छ।

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिँदै आइएको यो पर्वबारे अब पछिल्लो पुस्ताले बहस र तर्कवितर्क भने गर्न थालेका छन्। पर्वमा सन्तानका लागि नभनिएर पुत्रको कल्याण र सौर्य वृद्धिको कामना भनिने परम्परा रहेको यस पर्वले सन्तानभित्र नै लैङ्गिक विभेद गरेको भन्ने स्वर नयाँ पुस्ताले बढाउँदै लगेका छन्। पर्वको महत्ता र गरिमालाई अझ मजबुत बनाउन अब सन्तानका लागि भनेर व्रतको कामना गर्ने परम्परा बसाल्न पर्ने महिला जागरण क्षेत्रमा क्रियाशील रहँदै आएका अधिकारकर्मीहरूको भनाइ छ। वास्तवमा पहिलेका आमाहरूले सन्तानकै लागि यो व्रत सुरु गरेका भए पनि कालान्तरमा परिवार र समाजमा पुरुष प्रभुत्व बढ्दै गएपछि 'पुत्र' का लागि भनेर घुसाइएको बर्दिबास नगरपालिका-९ की सामाजिक, राजनीतिक कार्यकर्ता दिपीयादेवी महतो बताउनुहुन्छ। आफूले पछिल्ला २६ वर्षदेखि सुरु गरेको यो पर्व 'पुत्र'का लागि मात्र नभए सन्तानको कल्याणका लागि गर्दै आएको दिपीयाले बताउनुभयो।

व्रत अवधिमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी होउन् भन्ने कामना गर्छन्। अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरुप)ले आफ्नो आर्जित तपशक्तिबाट बचाइदिएको पौराणिक कथाका आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको बूढापाका बताउँछन्।

राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा भएकाले यसको थालनी द्वापरयुगमा नै सुरु भएको हुनसक्ने जलेश्वर नगरपालिका-६ बखरीका बासिन्दा साहित्यकार महेश्वर राय बताउनुहुन्छ। यसक्षेत्र (मिथिला)का सबैजसो सन्तानवती मैथिल हिन्दू महिलाले मनाउने यो पर्वमा तीजजस्तै महिलाका लागि पछिल्ला चार वर्षयता मधेस प्रदेश सरकारले बिदा दिँदै आएको छ।

# कुष्ठरोगसम्बन्धी विभेदकारी कानून संशोधन गर्न माग

काठमाडौँ, २७ भदौ (रासस)।

कुष्ठरोगसम्बन्धी विभेदकारी कानून संशोधन गर्न माग गरिएको छ। स्वास्थ्य मन्त्रालय इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र स्वास्थ्य सेवा विभाग कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाको आयोजनामा सोमबार यहाँ आयोजित कार्यक्रमका वक्ताले कुष्ठरोगसम्बन्धी विभेदकारी कानून संशोधन गर्नुपर्ने बताएका हुन्।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ भाग-३ पारिवारिक कानून परिच्छेद-१ विवाहसम्बन्धी व्यवस्थाको ७१ अन्तर्गत विवाह गर्न, गराउन नहुने व्यवस्थाको (ग) बुँदामा पूर्णरूपमा बोल्न वा सुन्न नसक्ने, पूर्णरूपमा दृष्टिविहीन वा कुष्ठरोगी भएको व्यक्तिले विवाह गर्न/गराउन नहुने व्यवस्था गरेको छ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारी खरेलले उक्त कानूनले कुष्ठरोगीको मानवअधिकारको हनन गरेको भन्दै उक्त कानून तत्काल संशोधन गर्नुपर्ने बताउनुभयो। "कुष्ठरोगीलाई भेदभाव गर्ने खालको कानूनलाई तत्काल संशोधनका लागि आयोगले कानून मन्त्रालय र कानून आयोगलाई सिफारिस गरिसकेको छ, मानव अधिकारलाई हनन हुने कुनै पनि गतिविधि कोही कसैबाट गर्न हुँदैन", उहाँले भन्नुभयो।

सर्वोच्च अदालतका सहरजिष्ट्रार बाबुराम दाहालले कुष्ठरोग सामान्य उपचारबाट निको हुने भएकाले कुष्ठरोगीलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने धारणा राख्नुभयो। "कानूनको द्वन्द्वमा फसेका कुष्ठरोगीलाई सहयोग गर्नका लागि सर्वोच्च अदालतले निःशुल्क कानूनी परामर्श गर्दै आइरहेको छ", उहाँले भन्नुभयो।

नेपाल बार एशोसिएशनका पूर्वअध्यक्ष एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले कुष्ठरोगीसम्बन्धी विभेदकारी कानून हटाउनका लागि संसद्को ध्यानाकर्षण गर्नुपर्ने बताउनुभयो।

स्वास्थ्य मन्त्रालय, नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख सहसचिव डा कृष्ण पौडेलले मन्त्रालयले कुष्ठरोग नियन्त्रण गर्न र यससम्बन्धी बनेको कानून परिमार्जन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै आएको बताउनुभयो।

द ल्याप्रोसी मिसन नेपालका राष्ट्रिय निर्देशक शोभाखर कँडेल, द ल्याप्रोसी मिसन ट्रष्ट भारतका पैरवी प्रमुख निकिता शेरा, आइडिया इन्टरनेशनलका ग्लोबल नेटवर्क कोअर्डिनेटर अमरबहादुर तिमल्सिनालगायतले कुष्ठरोग सामान्य रोग भएको र छ महिनादेखि एक वर्षसम्म औषधि सेवन गर्दा निको हुने भएकाले यसलाई ठूलोरूपमा हेर्न नहुने धारणा राख्नुभएको थियो।

स्वास्थ्य सेवा विभाग कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा प्रमुख डा रवीन्द्र बाँस्कोटाले शीघ्र पहिचान र बहुऔषधिको प्रयोगले कुष्ठरोग पूर्णरूपमा निको हुने भए पनि निवारण गर्न कुष्ठरोगप्रतिको लाञ्छना र सामाजिक भेदभाव प्रमुख बाधक बनेको बताउनुभयो। सूक्ष्म जीवाणुका कारण लाग्ने कुष्ठरोग ढिलो गरी पहिचान हुँदा धेरै व्यक्ति अपाङ्ग हुने गरेको उहाँको भनाइ छ। हाल नेपालमा कुष्ठरोगका कारण ३० हजार व्यक्ति अपाङ्गता भएको सरकारी तथ्याङ्क छ।

उपचार नगरेको कुष्ठरोगी बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई स्वासप्रस्वासको माध्यमबाट कुष्ठरोग सर्ने गरेको नो ल्याप्रोसी रिमेन्सका कार्यकारी निर्देशक विकासमान सिंहले जानकारी दिनुभयो। सिंहका अनुसार हाल नेपालमा झण्डै दुई लाख व्यक्तिमा कुष्ठरोग पत्ता लागेको र धेरैजसो बिरामी हाल निको भइसकेका छन्।

नेपालमा प्रति १० हजार जनसङ्ख्यामा एकभन्दा कम बिरामी रहेको पाइएसँगै सरकारले विसं २०६६ माघ ५ गते कुष्ठरोग निवारण घोषणा गरेको थियो।

# संघीय शिक्षा ऐन आएपछि शिक्षक दरबन्दीका समस्या समाधान हुने

काठमाडौँ, २७ भदौ (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले सङ्घीय शिक्षा ऐन जारी हुने क्रममा रहेकाले ऐन आएसँगै शिक्षक दरबन्दी व्यवस्थापनलगायतका सवाल सम्बोधन हुने बताउनुभएको छ।

मधेस प्रदेशको 'शिक्षा र बालश्रम' विषयमा सिकाइ आदानप्रदानका लागि शिक्षा पत्रकार समाज र आसमान नेपालले सोमबार आयोजना गरेको राष्ट्रियस्तरको कार्यक्रममा सचिव सुवेदीले उक्त ऐन नआउँदा पनि शिक्षाका काम गर्नमा गम्भीर बाधा नभएको तर नयाँ ऐन आएपछि तीन तहका सरकारबीचको शैक्षिक अधिकार र दायित्व थप स्पष्ट हुने जनाउनुभएको हो।

तराई मधेसमा बालिकाको शिक्षाको अवस्था झन कमजोर रहेकाले आफू प्रदेश सरकारको प्रमुख सचिव रहेका समयमा 'बेटी बचाऊ, बेटी पढाऊ' कार्यक्रम र छोरी बीमाको रकम रु तीन लाख दिने गरी प्रबन्ध गरिएको स्मरण गराउनुभयो।

बालश्रम र बाल विवाह अन्त्यका लागि बीमाको कार्यक्रम प्रभावकारी हुनुपर्ने बताउँदै उहाँले सरकार स्रोत साधनले भ्याएसम्म खुला र सकारात्मक सोचका लागि शिक्षामा सुधारका लागि प्रयत्नशील रहेको र यसमा सम्बन्धित सबै पक्षको उत्तिकै सहयोग आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा भारतस्थित एमभी फाउण्डेशनका राष्ट्रिय संयोजक आर बैंकट रेड्डीले भारतमा बालश्रम अन्त्यका लागि भएका प्रयास र उपलब्धिबारे अवगत गराउँदै विद्यालय बाहिर रहेका बालबालिका बालश्रमिक हुने भएकाले यस भाष्यलाई विश्वभर फैलाउन आवश्यक रहेको बताउनुभयो।

पछिल्लो आँकडाअनुसार मधेस प्रदेशको साक्षरता दर ४९ दशमलव ५४ प्रतिशत रहेको छ। मधेस प्रदेशका आठवटै जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) साक्षर घोषणा हुन सकेका छैनन्। यस प्रदेशमा सबैभन्दा कमजोर रौतहटमा ४१ दशमलव ६९ प्रतिशत र प्रदेशमा बढी साक्षर भएको जिल्ला पर्सामा ७६ दशमलव ९८ प्रतिशत साक्षरता दर रहेको छ। यस प्रदेशमा विद्यार्थी भर्नादर ५३ दशमलव तीन रहेको छ।

शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले सरकारका निकाय र शिक्षक इमान्दार नभएसम्म शिक्षा शिक्षामा सुधार नहुने भएकाले नागरिक समाज र सञ्चार क्षेत्रले निरन्तर आवाज उठाउनुपर्ने बताउनुभयो। आसमान नेपालका कार्यकारी निर्देशक नवलकिशोर यादवले आफूहरुले 'काम छोडाउ, स्कूल पठाउ', 'निक शिक्षा दिअ' जस्ता अभियानबाट मधेस प्रदेशमा शिक्षाको सुधारका लागि २३ वर्षदेखि काम गर्दै आएको जनाउनुभयो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचन आचारसंहितामा एउटै बुझाई र अडान रहोस् : प्रमुख आयुक्त थपलिया

काठमाडौँ, २७ भदौ (रासस)।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहितालाई सत्तामा हुँदा एउटा नहुँदा अर्को ढङ्गले नबुझिदिन राजनीतिक दलका नेतासँग आग्रह गर्नुभएको छ।

राष्ट्रियसभा सरोकार तथा समन्वय समितिले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन तयारी, कानून, स्रोतसाधन, सुरक्षा व्यवस्थापनलगायतका विषयमा आयोग पदाधिकारी र राजनीतिक दलसँगको अन्तरक्रियामा उहाँले निर्वाचन प्रणाली महँगो नभई उम्मेदवार बेइमान भएको बताउनुभयो।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचन आचारसंहिताको प्रावधान सत्तामा हुँदा र नहुँदा फरक हुन्न, त्यसको बुझाइ र कार्यान्वयनमा एकै खाले अडान हुनुपर्छ।"

नेकपा (एमाले) संसदीय दलका उपनेता सुवास नेम्वाङले निर्वाचन आचारसंहितालाई कडाइसँग पालना गर्न र निर्वाचन घोषणा भएपछि व्यापकरूपमा भइरहेको कर्मचारीको सरुवालाई रोक्न आवश्यक रहेको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले मन्त्रिमण्डलका सदस्य दल विशेषका प्रतिनिधि भएकाले राज्यको साधन स्रोतको दुरुपयोग नगरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुन पाउनुपर्छ भन्नुभयो।

नेपाली कांग्रेसका सहमहामन्त्री बद्रीप्रसाद पाण्डेले निर्वाचनलाई पवित्र र शुद्धता कायम गर्न सकेमा मात्र लोकतन्त्र फस्टाउने बताउनुभयो। उहाँले अहिले भइरहेको खर्चिलो र भड्किलो निर्वाचनबाट हामी प्रताडित भएकाले रोक्न आवश्यक रहेको बताउनुभयो।

नेकपा (एकीकृत समाजवादी) प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले समग्र व्यवस्थापन चुस्त भएमा मात्र निर्वाचनको सुन्दरता बढने भएकाले मतदान केन्द्र मतदातामैत्री हुन आवश्यक रहेको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र) का उपमहासचिव हरिबोल गजुरेलले सांसदले विकास निर्माणका लागि बजेट होइन, कानून र नीति निर्माण गर्ने जिम्मेवारी हो भनेर अझै पनि समाजलाई बुझाउन नसकिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "मुलुकमा धेरै कम्युनिष्ट पार्टी छन् तर पनि पैसा नभई निर्वाचनका लागि टिकट पाइन्न। व्यवस्था फेरिए पनि प्रवृत्ति फेरिएको छैन, निर्वाचनको प्रचारप्रसार अवधिमा मदिराको बिक्री वितरणमा पूर्ण रोक लगाए केही हदसम्म खर्च कम हुन्छ।"

सो अवसरमा सांसद रेखा शर्मा, विमला विक, लक्ष्मी परियार र विन्दा पाण्डेले महिलाका लागि प्रतिस्पर्धा गर्न बेग्लै निर्वाचन क्षेत्रको सुनिश्चितता गर्न तथा निष्ठाको राजनीति ओझेलमा परेकाले दलहरुले टिकट दिँदा त्यस्ता व्यक्तिलाई प्राथमिकता दिन पर्ने आवश्यकतामा जोड दिनुभयो।

उहाँहरूले राजनीतिक दलले उम्मेदवारी दिँदा संविधानको भावनाविपरीत गरेको खण्डमा अस्वीकार गर्ने तथा प्रत्यक्ष निर्वाचनमा ५० प्रतिशत महिला उम्मेदवार बनाउनै पर्ने व्यवस्था हुनुपर्छ भन्नुभयो।

जनता समाजवादी पार्टीका रेखा यादव र लोकतान्त्रिक समाजवादी पार्टीका डा सुरेन्द्र झाले निर्वाचन महिलामैत्री हुनुपर्ने तथा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको प्रतिनिधित्व वृद्धि गर्ने रणनीति बनाउन सबै दललाई सुझाव दिनुभयो।

सो अवसरमा महिला प्रतिनिधित्वको समानुपातिक र समावेशी सुनिश्चितता, निर्वाचन आचारसंहिता कार्यान्वयन, निर्वाचन पर्यवेक्षण र मतदाता शिक्षालगायतका विषयमा छलफल भएको थियो।

# साल्ट ट्रेडिङले दसैं अगावै तोरीको तेल उत्पादन गर्ने

काठमाडौँ, २७ भदौ (रासस)।

दैनिक उपभोग्य वस्तुको आपूर्ति, उत्पादन र बजारीकरण गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेशनले तोरीको तेलको उत्पादनगर्ने भएको छ। दसैँअघिदेखि हेटौँडास्थित नेपाल वनस्पति उद्योगबाट शुद्ध तोरीको तेल उत्पादन गरी बजारमा ल्याइने कर्पोरेशनले जनाएको छ।

तोरीको तेल उत्पादन गरेसँगै स्थानीयस्तरमा उत्पादित तोरीको खपत वढ्ने र उपभोक्ताले सुपथ मूल्यमा गुणस्तरीय तोरीको तेलको उपभोगगर्न पाउने कर्पोरेशनका विभागीय प्रबन्धक बज्रेशकुमार झाले बताउनुभयो।

कर्पोरेशनले अहिले आयोडिनयुक्त नून, एसटिसी ब्राण्डको खाना पकाउने ग्यास, चामल, गेडागुडी, स्थानीय उत्पादनलाई प्याकिङगरी उपभोक्तामाझ पुऱ्याउँदै आएको छ। पछिल्लो पाँच वर्षयता कर्पोरेशनको कारोवार निरन्तर बढिरहेको छ।

आर्थिक वर्ष २०७३/७४ मा कर्पोरेशनले रु आठ अर्ब ५८ करोडको उपभोग्य वस्तुको बिक्री गरेको थियो। आव २०७४/७५ मा रु नौ अर्ब ६८ करोड, आव २०७५/७६ मा रु आठ अर्ब २५ करोड, आव २०७६/७७ मा रु नौ अर्ब ७४ करोड र आर्थिक वर्ष २०७७/७८ मा रु १० अर्ब ३९ करोडको उपभोग्य वस्तु बिक्री गरिएको कर्पोरेशनका अध्यक्ष कल्याण गोविन्द श्रेष्ठले जानकारी दिनुभयो।

गुणस्तरीय सेवा र उत्पादनका कारण पछिल्लो समय कारोवार बढ्दै गएको उहाँको भनाइ छ। बिक्री बढेसँगै कर्पोरेशनले वित्तीय अवस्थामा सुधारगर्दै लगेको छ। कर्पोरेशनले आव २०७७/७८ मा मात्रै रु. पाँच करोड ३३ लाख सञ्चालन नाफा आर्जन गरेको छ। गत आवको कारोवार एकीकृतगर्ने क्रममा रहेको कर्पोरेशनका विभागीय प्रबन्धक झाले बताउनुभयो।

**कर्पोरेशन ६०औँ वर्षमा**

सरकार र निजी क्षेत्रको सहभागितामा सञ्चालित कर्पोरेशन सोमबारदेखि ६०औँ वर्षमा प्रवेश गरेको छ। विसं २०२० भदौ २७ गते सरकारले कर्पोरेशनको स्थापना गरेको थियो। तत्कालीन समयमा जनतालाई सहजरुपमा नून उपलब्ध गराउन स्थापना गरिएको कर्पोरेशनले पछिल्ला दिनमा व्यापारमा विविधीकरण गर्दै लगेको छ। कर्पोरेशनले पछिल्ला समय स्थानीय उत्पादनको बजारीकरणमा जोड दिँदै आएको छ।

६०औँ वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित कार्यक्रममा कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले साल्ट ट्रेडिङलाई नमूना संस्था बनाउने उद्देश्यका साथ आफूहरुले काम गरिरहेको बताउनुभयो।

आफ्नो सेवालाई थप प्रभावकारी बनाउन योजनाबद्ध हिसावले देशरभका डिलरमार्फत उपभोक्ताको माझमा पुगिरहेको उहाँको भनाइ छ। सो अवसरमा एसइई परीक्षामा उत्कृष्ट अङ्क ल्याउने कर्पोरेशनमा कार्यरत कर्मचारीका सन्ततिलाई दुई वर्षसम्म मासिक रु तीन हजारका दरले छात्रवृत्ति प्रदान गरिएको थियो।

# निर्वाचनपछि एमालेको नेतृत्वमा सरकार बन्छ : अध्यक्ष ओली

जनकपुरधाम, २७ भदौ (रासस)।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचनपछि आफ्नो पार्टीको नेतृत्वमा सरकार बन्ने दावी गर्नुभएको छ। उहाँले नयाँ सरकार बनेपछि विकास र समृद्धिको अभियान ल्याउने बताउनुभएको छ।

नेपाल वुद्धिजीवी परिषद्को प्रथम मधेश प्रदेश अधिवेशनको सोमबार जनकपुरधाममा सम्बोधन गर्दै अध्यक्ष ओलीले भन्नुभयो, "मङ्सिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनपछि एमालेले अत्यधिक बहुमत ल्याउँछ, सरकार बनाउँछ।"

एमाले सरकारमा जानका लागि नभइ मुलुकलाई बर्वादीबाट जोगाउन आफ्नो पार्टीले जित्नै पर्ने जिकिर गर्दै उहाँले जनताको सद्भाव र एकताका लागि निर्वाचनमा गएको बताउनुभयो। सबैले मिलेर सबैका लागि 'समृद्ध नेपाल र सुखी नेपाली' बनाउने अठोटका साथ आफ्नो पार्टी निर्वाचनमा जान लागेको उहाँको भनाइ छ।

शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर सिर्जना गर्ने, कृषिको आधुनिकीकरण गर्नेजस्ता योजना एमालेले अघि सारेको उल्लेख गर्दै अध्यक्ष ओलीले आगामी निर्वाचनले सही सरकार दिन नसके देश, लोकतन्त्र, विकासका लागि दुर्भाग्य हुने बताउनुभयो।

उद्घाटन समारोहमा एमाले नेता अग्नि खरेल, विष्णु रिजाल लगायतले विकासका लागि एमालले निर्वाचनजित्नुपर्नेमा जोड दिनुभएको थियो। नेपाल वुद्धिजीवी परिषद्को प्रथम मधेस प्रदेश अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने जनाएको छ।




डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## आइएसको आक्रमणबाट ६ जनाको मृत्यु

दमासकस, २७ भदौ (रासस/सिन्ह्वा)।

सिरियाको हासकाह प्रान्तमा आइएसको आक्रमणमा परी कम्तीमा पनि छ जना नागरिकको ज्यान गएको छ।

यहाँको हासकाह प्रान्तमा आइतबार सडकमा सवारी साधनमा रहेका नागरिकमाथि हमला गरेर ती व्यक्तिको ज्यान लिएका हुन्।

आइएसका आतङ्ककारीहरूले सडकमा रहेका नागरिकलाई एम्बुसमा पारेर हत्या गरेका हुन्। मारिएका व्यक्ति को हुन् भन्ने बारेमा भने आझै खुलेको छैन।

पछिल्लो समयमा आइएस आतङ्ककारीहरूले सडकमै एम्बुस थापेर व्यक्ति हत्या गर्ने गरेका छन्। यहाँका अधिकारीहरूले दिएको जानकारीअनुसार आइएसहरूले सन् २०२२ शुरुबाट हालसम्म एक सय ३० वटा एम्बुस आक्रमण गरेका थिए।

ती आक्रमणहरूमा परेर एक सयभन्दा बढी सर्वसाधारण मारिएका छन्। ती व्यक्तिमध्ये सर्वसाधारण पनि परेका छन्।

## वैदेशिक रोजगारीमा जाने बढेपछि श्रीलंकामा रेमिटेन्स बढ्यो

कोलम्बो, २७ भदौ (रासस/सिन्हवा)।

श्रीलङ्काली श्रम तथा वैदेशिक रोजगारसम्बन्धी मन्त्री मानुषा नानायक्काराले विदेशिएका श्रीलङ्कालीहरूबाट प्राप्त रेमिटेन्सले आर्थिक सङ्कटमा परेको देशमा राहात मिलेको बताउनुभएको छ।

उहाँले उनीहरूबाट पठाइएको रेमिटेन्स रकम अगष्ट महिनासम्ममा ३२ करोड ५० लाख अमेरिकी डलर पुगेको पनि जानकरी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ। उहाँले वैदेशिक रोजगारीमा गएका श्रीलङ्कालीबाट प्राप्त भएको रेमिटेन्स रकम पछिल्ला दिनमा बढ्दो रहेको भन्दै यसबाट वैदेशिक मुद्राको खाँचो परेको देशमा सहज भएको बताउनुभयो।

उहाँले गत जुलाई महिनाको तुलनामा अगष्ट महिनामा रेमिटेन्स रकम १४.६ प्रतिशतले बढेको पाइएको जानकारी दिनुभएको हो।

उहाँले रेमिटेन्स रकम पठाउने व्यक्तिहरूलाई विशेष धन्यवाद दिनुभएको छ। देश आर्थिक सङ्कटमा परेका बेला विदेश पुगेका नागरिकहरूबाट प्राप्त रेमिटेन्स रकमका लागि विशेष धन्यवाद छ- मन्त्री नानकायराले भन्नुभएको छ।

गएको वर्षदेखि आर्थिक सङ्कटमा फसेको दक्षिण एसियाली मुलुक श्रीलंकामा वैदेशिक रोजगारीका लागि देश छोडेर जानेहरूको संख्या बढ्दै गएको पाइएको छ।

यस वर्षमात्र यहाँका दुई लाखभन्दा बढी व्यक्तिले वैदेशिक रोजगारीका लागि विदेशिएका पाइएको बताइएको छ।

श्रीलंकाका श्रम तथा वैदेशिक रोजगारसम्बन्धी मन्त्री नानायक्काराले सो कुराको जानकरी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ।

उहाँले यसै वर्षको जनवरीदेखि अगष्ट महिनासम्ममा ती नागरिकले श्रीलङ्काको वैदेशिक रोजगार विभागमा दर्ता गराएर नै वैदेशिक रोजगारीका लागि गएको जानकारी दिनुभएको हो।

उहाँले आइतबार भन्नुभएको थियो यसवर्ष मात्र दुई लाख भन्दा बढी व्यक्ति वैदेशिक रोजगारीका लागि विदेश गएका छन् र अरु पनि दर्ता नै नगराइकन विदेश गएका हुनसक्छन्।

## रुसले कब्जा गरेका २० बस्ती युक्रेनले फिर्ता गरेको दाबी

किभ, २७ भदौ (रासस/एएफपी)।

रुसले कब्जा गरेका २० बस्ती फिर्ता गरिएको युक्रेनले दावी गरेको छ।

रुसले कब्जा गरेका बस्तीहरू फिर्ता गर्ने आक्रामक रणनीति अन्तर्गत ती २० बस्ती फिर्ता गरिएको उनीहरूले बताएका छन्।

"पछिल्लो २४ घण्टामा हाम्रा सुरक्षाकर्मीहरूले हाम्रा सत्रुद्धारा कब्जा गरिएका २० बस्तीहरू फिर्ता गराएका छन्, उनीहरू अहिले हाम्रो पूर्ण नियन्त्रणमा रहेका छन्," युक्रेनी सेनाका एक अधिकारीले भने।

युक्रेनका सेनाले ती बस्तीहरू फिर्ता गराएपछि त्यहाँ रहेका रुसी सुरक्षाकर्मीहरू विस्थापित भएका छन्।

देशको दक्षिणी र पूर्वी क्षेत्रमा पछिल्लो हप्ता युक्रेनले रुसी सुरक्षाकर्मी विरुद्ध सफलता हासिल गरिरहेको युक्रेनी सेनाको दावी छ।

उनीहरूले इज्युम, कुपियन्स्क, बालाक्लीया लगायतका ठाउँहरू यसअघि नै फिर्ता गराइसकिएको युक्रेनको भनाई छ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जोलेनेस्कीले पनि दैनिक सम्बोधनका क्रममा आइतबार खार्किभ र डोनेत्स्क क्षेत्र पुरै, जापोरिझझीया, डिनिप्रोपेट्रोभ्स्क र सुमीको केही क्षेत्र फिर्ता लिइएको बताउनु भएको छ।

फिर्ता गराइएका अधिकांश ठाउँमा अहिले विद्युत सेवा पनि सूचारु भइसकेको समेत उहाँले जानकारी दिनु भएको छ।

युक्रेनले रुसद्धारा कब्जा गरिएका धेरै ठाउँ फिर्ता गराउने अभियानलाई तिव्रता दिइएको र सफलता पनि प्राप्त भइरहेको जनाएको छ।

# डेङ्गु नियन्त्रण गर्न राष्ट्रिय अभियान सञ्चालन गर्ने

काठमाडौँ, २७ भदौ (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेङ्गु रोग नियन्त्रण गर्न राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय गरेको छ।

डेङ्गुको सङ्क्रमण बढ्दै गएपछि मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेख्दै स्थानीय तह परिचालन गरेर डेङ्गु नियन्त्रण गर्न अभियान चलाउने निर्णय गरेको हो।

स्वास्थ्य मन्त्रालयले सामान्य प्रशासनमन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहलाई लामखुट्टेको फूल पार्ने ठाउँ 'खोजौँ र नष्ट गरौँ' राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय गरेको मन्त्रालयका स्वास्थ्य समन्वय महाशाखाका वरिष्ठ जनस्वास्थ्य प्रशासक भीमप्रसाद सापकोटाले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रत्येक स्थानीय तहले 'प्रत्येक शनिबार बिहान १० बजे १० मिनेट' छुटचाई घरभित्र र बाहिर लामखुट्टेले फूल पार्ने ठाउँहरू 'खोजौँ र नष्ट गरौँ' भन्ने नारासहित राष्ट्रिय अभियान सञ्चालन गर्ने छन्।

अभियान सफल बनाउनका लागि स्थानीय जनप्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक, पत्रकार सङ्घसंस्था परिचालन गरी वडामा हरेक घरधुरीमा अभियान सञ्चालन गर्ने छन्। सबै स्वास्थ्य संस्थाबाट डेङ्गुका बिरामीको विवरण स्थानीय तहमार्फत इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखालाई पनि पठाउन निर्देशन दिइएको छ। अहिलेसम्म नेपालमा सात हजार पाँच सयभन्दा बढी डेङ्गुका बिरामी फेला परेका छन्।

# समानुपातिकको बन्दसूचीका लागि आवश्यक कागजातबारे स्पष्ट

काठमाडौँ, २७ भदौ (रासस)।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि समानुपातिकको बन्दसूची पेस गर्दाको आवश्यक प्रक्रिया र कागजातबारे थप स्पष्ट पारेको छ।

आयोगले सो प्रणालीका लागि आयोगमा मुख्य निर्वाचन अधिकृतको कार्यालय खडा गरी आउँदो असोज २ र ३ गते उक्त बन्दसूची पेस गर्ने गरी निर्वाचन कार्यक्रम सार्वजनिक गरिसकेको छ। सूची पेस गर्दा समानुपातिक समावेशी सिद्धान्तबमोजिम कानुनबमोजिम आवश्यक कागजात अनिवार्यरूपमा पेस गर्न आयोगले आइतबार दलहरूलाई आग्रह गरेको छ।

आयोगको समानुपातिक निर्वाचन प्रणालीका प्रवक्ता गुरुप्रसाद वाग्लेले विज्ञप्ति जारी गरेर कागजात अपुग भएका सूची दर्ता नहुने स्पष्ट गर्दै आवश्यक प्रक्रिया र कागजातको चेकलिष्ट आयोगको वेबसाइटमा समावेश गरिएको बताउनुभएको छ।

उक्त प्रणालीतर्फको बन्दसूचीमाथि आयोगले जाँचबुझ गरी संशोधनका लागि असोज ४ देखि ९ गतेसम्म दलहरूलाई आग्रह गर्नेछ। आयोगको सुझावबमोजिम दलहरूले असोज १० देखि १६ गतेसम्म परिमार्जित सूची पेस गर्नुपर्नेछ।

आयोगले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने कार्यक्रम तय गरेको छ।


# स्यालले टोक्दा चारजना गम्भीर घाइते

**दैनिक समाचारदाता**
**महोत्तरी, २७ भदौ।**

महोत्तरीको पिपरा गाउँपालिका ६ रतौली गाउँमा आइतबार स्यालले टोक्दा चारजना गम्भीर घाइते भएका छन्।

घाइते हुनेमा तीन महिला र एक पुरुष रहेका छन्। उनीहरु सबै उउटै टोलका हुन्। गाउँ नजिकैको वनको झारीबाट टोलमा पसेको एउटा स्यालले स्थानीय ३५ वर्षीया पुनमदेवी सोनार, १३ वर्षीया रेणुकुमारी सदा, ६५ वर्षीया सोनावती सदा र १६ वर्षीया बबन चौधरीलाई टोकेर घाइते बनाएको हो।

घाइतेको अनुहार, पेट, छाती तथा शरीरको अन्य भागमा घाउ छ। चारै जनाको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका महोत्तरीले जनाएको छ।


राजविराज नगरपालिका
७ नं. वडा कार्यालय

पत्र संख्या:-२०७९/०८०
च.नं. ३६३

मिति:- २०७९/०५/२३

सुचना ! सुचना !! सुचना !!!

**विषयः- उपभोक्ता समिति गठन सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा चालु आ.ब.२०७९/०८० को शहरी बिकास तथा भवन कार्यालय सप्तरी, राजबिराज अन्तर्गत राजबिराज नगरपालिका वडा नं. ७ स्थित **श्री हरी नन्देश्वर महादेव मन्दिरको मर्मत तथा जिर्णोद्धार कार्य**को लागी उपभोक्ता समिति गठन गर्नुपरेको हुदा देहाय बमोजिम र मिति,समय र स्थानमा उपभोक्ता समिति गठन कार्य गर्नको निमित सम्बन्धीत सबैको लागी सात (७) दिने यो सुचना प्रकाशित गरिएको ब्यहोरा जानकारीको लागी अनुरोध छ।

तपसिल

| सि.नं. | योजना कार्यक्रमको बिवारण | वडा नं. | मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | श्री हरी नन्देश्वर महादेव मन्दिरको मर्मत तथा जिर्णोद्धार कार्य | ७ | २०७९/०५/३० | बिहान ८ : ०० बजे | योजना स्थल |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष

सुभाष चन्द्र यादव
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-७

# थप एक सय ७९ मा कोरोना संक्रमण पुष्टि, एक संक्रमितको मृत्यु

काठमाडौँ, २७ भदौ (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप एक सय ७९ मा कोभिड सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा कोरोना संक्रमणबाट एक जनाको मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा चार हजार नौ सय ५९ को नमूना परीक्षण गरिएको थियो। दुई हजार छ सयले पिसिआर र दुई हजार तीन सय ५९ को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

यस अवधिमा एक सय ७१ कोरोना संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८४ हजार पाँच सय ८४ पुगेको छ। संक्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय संक्रमितको संख्या दुई हजार दुई सय ७१ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १५ पुगेको छ। होम आइसोलेसनमा दुई हजार एक सय ९०, संस्थागत आइसोलेसनमा ८१ र आइसियुमा १५ संक्रमित रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौँ र दुई सयभन्दा बढी संक्रमित रहेको जिल्लामा ललितपुर र चितवन रहेका छन्। शून्य संक्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, जाजरकोट, हुम्ला, डोल्पा, मुगु, जुम्ला, बझाङ र दार्चुला रहेका छन्।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा आठ सय ९२, ललितपुर तीन सय ९९ र भक्तपुरमा ३२ सक्रिय संक्रमित रहेका छन्। कूलमा संक्रमणदर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

## म्यादी प्रहरीमा भर्ना ...

तौल ५० केजी र महिलाको हकमा उचाइ कम्तीमा ५ फिट र तौल ४२ केजी भएको हुनुपर्ने सूचनामा जनाइएको छ।

प्रहरीका अनुसार आगामी असोज ९ गतेदेखि छनोट प्रारम्भ हुनेछ। यसअघि म्यादी प्रहरीमा छनोट भई सन्तोषजनक काम गरेका, पूर्वसुरक्षाकर्मी तथा पूर्ववनरक्षक, सुरक्षाकर्मीमा भर्नाका लागि शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षणमा उत्तीर्ण भएका, मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरेर सेवा निवृत्त भएकालाई प्राथमिकतामा दिइने प्रहरीले जनाएको छ।

## जसपाका प्रतिनिधिसभा ...

जसपाका केन्द्रीय सदस्य रामउदिन राम, शम्भु साह, पूर्व राज्यमन्त्री अरबिन्द साहसहितका एमाले प्रवेश गरेका हुन्।

उनीहरु सबैलाई नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले माला तथा गमछा लगाएर पार्टीमा प्रवेश गराएका हुन्।

यस्तै जनकपुर आएका ओलीलाई २०५ किलोको मालाले स्वागत समेत गरिएको छ। एमालेको जनकपुरधाम नगर कमिटीका पदाधिकारीले अध्यक्ष ओलीलाई २०५ किलोको फूलको मालाले स्वागत गरेका हुन्।


गर्मी एवं बर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औंलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रा सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money — CHAUDHARY GROUP —


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np